८. भ्रष्टाचार निवारण अफिसरले अड्डामा परेको केशहरूको कारवाइको विवरणसमेत ठोली हरएक आइतबारको दिन श्री ५ महाराजाधिराज र गृहपरामर्शदाताकहाँ पठाउनुपर्छ ।

९. भ्रष्टाचार निवारण अफिसर आफै वा निजले खटाएको अरू अफिसरले कुनै केशको खोज सम्बन्धमा जो कसैसँग बयान लिन खोजेमा जो सुकैले जाने बुझेसम्म सत्य कुराको कागज गरिदिनु कर लाग्छ ।

श्री ५ महाराजाधिराजबाट सदर गरिबक्सेको २००९।१२।२१।६
लालमोहर सदर भएको — — — २०१०।१।१२।६

आज्ञाले
तिलकशमशेर
सेक्रेटरी—कानून तथा संसदीयविभाग.

## गृहविभागको विज्ञप्ति

गैर—कानूनी हात हतियार पत्ता लगाई निम्नलिखितबमोजिम गर्ने निर्णय भएको छ :

(क) लाइसेन्स रिन्यू नगराई बस्ने व्यक्तिहरूको लगत गराई राख्न सदरमा पुलीस विभाग, माफसलमा बडाहाकिमले तैयार गरी राखी सो-बमोजिम पक्राउ गर्ने ।

(ख)—गैर कानूनी हात हतियारहरू निम्नलिखितबमोजिम गरी दाखिल दर्ता गर्ने र नगरेमा सजायसमेत निम्नलिखितबमोजिम गर्ने गराउने ।

(१) सरकारबाट लाइसेन्स रिन्यू नगराई राख्ने व्यक्तिहरू पक्राउ गरिएमा आर्म्स जफत भै ३ वर्षसम्म कैद हुन्छ ।

(२) लाइसेन्स रिन्यू गराउन पाउने म्याद जिल्लामा यो आदेश दाखिल भएका मितिले ३ महिनाभित्र लाइसेन्स रिन्यू गराइसक्नुपर्छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३८

सोम्याद भुक्तान भएपछि कुनै कारण देखाई म्याद थप मागेकोमा म्याद थप हुन सक्तैन ।

(३) गाँउ, घर, जिल्ला, मौजाका जिम्मावाल, पटवारी, थरी, मुखिया इत्यादिलाई गाउँको सारा हाल खबर थाहा पाउने भएकोले उक्त व्यक्तिहरुले आफ्ना गाउँ घर मौजाका कसैले गैर—कानूनी आर्मस् राखिआएको थाहा पाउनासाथ नजीक अड्डाखानाहरुमा जाहेर गर्नुपर्छ जाहेर नगरी बसेकोमा गैर — कानूनी आर्मस् भएका ठाउँहरुको सुराक पत्ता नलगाई बसी रहेको ठहरे जिम्मावाल, थरी, मुखिया पटवारीसमेतलाई उक्त कामबाट बरखास्त भै रु. ५० देखि ५०० सम्म जिल्लामा बडाहाकिम र सदरमा कमिश्नर र मेजिष्ट्रेटका तजवीजबमोजिम सजाय हुनेछ ।

(४) आन्दोलनका बखत आर्मस् पाइराखेका व्यक्तिहरुले सरकारबाट म्याद थप भएका म्यादभित्र सरकारमा जाहेर गरेमा लाइसेन्स गरी दिनु पर्नेलाई लाइसेन्स दिइनेछ। लाइसेन्स गरी दिन नपर्ने भएमा आर्मस् मात्र जफत गरिने छ।

(५) गैर— कानूनी आर्मस् बेच बिखन भएकोमा जस जसले बिखन र खरीद बिक्री गरेको छ, साराले सरकारबाट म्याद थप भएका म्यादभित्र सरकारमा जाहेर गर्नुपर्छ। सो नगरी बस्ने सारा कसूरदार ठहर्न गै ऐनबमोजिम सदरमा कमिश्नर र मेजिष्ट्रेटले मोफसलमा बडाहाकिमले सजाय गर्नेछन् ।

आज्ञाले,
मेघनरसिंह
सेक्रेटरी, गृहविभाग .

---

गोरखापत्र छापाखानामा मुद्रित

(५३८)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।